व्यास नगरकार्यपालिकाको १९४ औं बैठक आज मिति २०८१/५/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं. २ | - श्री जगत बहादुर क्षेत्री | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं. ५ | - श्री खिम बहादुर थापा | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु :**

प्रस्ताव नं.१ : मिति २०८१/४/२२ को बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ : नगरपालिकाको घर भाडा पुनसंरचना सम्बन्धमा ।
प्रस्ताव नं.३ : शाखागत एवं वडागत कर्मचारी व्यवस्थापन सम्पादन सम्बन्धमा
प्रस्ताव नं.४ : सार्वजनिक सुनुवाइलाई नियमित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५ : फोहोरमैला व्यवस्थापनका समस्याहरु र तत्काल समाधानका विषय सम्बन्धमा ।
प्रस्ताव नं.६ : व्यास ३ शिवपाञ्चायन मा.वि. व्यवस्थापन समितिको अध्यक्ष मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.७ : व्यास नगरस्तरीय विभिन्न व्यवसायिक किसानहरुसँग अन्तर्क्रिया गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८ : वडा नं. २, ३, ४ को सुरक्षा व्यवस्थापनमा CC क्यामेरा थप जडान एवं मर्मत सम्बन्धमा ।
प्रस्ताव नं.९ : दमौलीमा रहेका बैंकहरुको सामाजिक उत्तरदायित्व सम्बन्धमा
प्रस्ताव नं.१०: मिति २०८१/५/७ गते दिउँसो नगरसभा कक्षमा भएको आ.व.२०८०/०८१ को कार्य सम्पादन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.११: व्यास नगर शिक्षा समितिमा सदस्यता मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.१२: व्यास नगरपालिका अन्तर्गत अपाङ्गता सहायता कक्ष स्थापना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: नदीजन्य ढुङ्गा, गिट्टी, बालुवाको टेण्डर नहुँदासम्म संरक्षण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१४: विपदजन्य एवं अत्यावश्यक कार्य सम्बन्धमा ।
प्रस्ताव नं.१५: खेलकुद व्यवस्थापनको रकम वर्गीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१६: शिक्षक दरबन्दी व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१७: रिक्त शिक्षक दरबन्दी व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१८: तीज गित प्रतियोगिता सम्बन्धमा ।
प्रस्ताव नं.१९: गर्भवती पोषण भत्ता वितरण समिति सदस्यमा मनोनयन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२० किसान सूचीकरण कार्यक्रम सहमति सम्बन्धमा ।
प्रस्ताव नं.२१: समता विद्यालयको कार्यालय सहयोगीको पारिश्रमिक सम्बन्धमा
प्रस्ताव नं.२२: नगरपालिका पसल कवलहरुको भाडा दर अध्ययन सम्बन्धमा ।
प्रस्ताव नं.२३: भाडा बुझाउने सम्बन्धी मिति एवं छुट सम्बन्धमा ।
प्रस्ताव नं.२४: समता विद्यालयको वार्डेनको तलब सम्बन्धमा ।
प्रस्ताव नं.२५: वन तथा वातावरण समितिमा सदस्य थप सम्बन्धमा ।
प्रस्ताव नं.२६: नगरस्तरीय सरसफाई समिति सम्बन्धमा ।
प्रस्ताव नं.२७: लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धमा ।
प्रस्ताव नं.२८: संगम प्राथमिक विद्यालयको जग्गा व्यवस्थापनको नेपाल सरकारलाई अनुरोध गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं. १ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कार्यपालिकाको मिति २०८१/४/२२ गतेका निर्णयहरुको समीक्षा गरी निर्णय लेखनमा देखिएका सामान्य त्रुटीलाई संशोधन निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालयको उत्तर पूर्व तर्फका व्यवसायिक सटरहरुमा नगरपालिकाले बहुउद्देश्यीय भवन निर्माणको प्रयोजनार्थ भवन भत्काउनको लागि सटर बन्द गर्न बारम्बार पत्राचार गरिएकोमा हालसम्म सटर पनि नछाडिएको र बुझाउनु पर्ने रकम पनि नबुझाएको, हाल बहुउद्देश्यीय भवन तत्काल नबन्ने सन्दर्भमा सटरहरुमा मिति २०८१/४/३२ गते टेण्डर आव्हान भएकोमा केही व्यवसायीहरुले हालसम्मको सबै बाँकी रकम बुझाई आफैसँग सम्झौता निरन्तर गर्न अनुरोध गरी निवेदन पेश हुन आएको । यस सन्दर्भमा व्यास नगरपालिका

राजश्व परामर्श समितिको मिति २०८१/५/६ गतेको निर्णयबाट सिफारिस भई आए बमोजिम निजहरुले सम्पूर्ण बाँकी रकम बुझाए नगरपालिकालाई पनि तुलनात्मक रुपले आम्दानी बढ्ने र निजहरुलाई पनि अहिलेको आर्थिक मन्दीमा केही राहत मिल्ने हुँदा मिति २०८१/५/१२ गतेसम्म २०८१ श्रावण मसान्तसम्मको एकमुष्ठ बक्यौता रकम बुझाउने व्यवसायीहरुको सटर सार्वजनिक सूचनाबाट हटाई निजहरुलाई नै २ (दुई) वर्षको लागि निरन्तरता दिने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आज नगर प्रमुख समक्ष यस वर्षका लागि प्रमुख प्रशासकीय अधिकृतले गर्नु भएको कार्य सम्पादन प्रतिवद्धतालाई पालना गर्दै सम्पूर्ण शाखा, उपशाखा, वडा लगायत स्वास्थ्य कर्मचारीहरु समेतको कार्य सम्पादन नगरबासीको हितमा हुने आवश्यक प्रबन्ध मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८१/०८२ को नगरपालिकाको सार्वजनिक सुनुवाई अनिवार्य रुपमा प्रथम मंसिर महिनाको दोस्रो हप्तासम्म दमौलीमा, दोस्रो चैत्रको दोस्रो हप्ता कलेस्तीमा र तेस्रो असार मसान्तसम्म छाब्दीमा गर्न गराउन समेत सूचना प्रविधि शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतको फोहोर संकलन गरी नकुहिने तर्फ पुन:प्रयोगमा आउने सामग्री कार्यालय परिशरमा वर्गीकरण गरी बिक्री प्रकृया प्रारम्भ भएको, प्लाष्टिक कागजलाई च्याप्ने मेशिनबाट कार्य प्रारम्भ भएको, कुहिने फोहोर व्यास १० गौसंरक्षण केन्द्रमा लगी व्यवस्थापन गरिएको, प्लाष्टिक झोला, थाल र ग्लासको प्रयोगमा प्रतिबन्ध गरिएपनि छिटफुट प्रयोग भइरहेको, फ्याक्नुपर्ने फोहोरलाई हाल केही दिनलाई व्यास १ कमल डिहीमा श्री खेमराज अधिकारी समेतको जग्गामा व्यवस्थापन गरिएको विषयमा बैठकमा जानकारी भई फोहोर वर्गीकरण र बिसर्जन गर्ने कार्यलाई स्थायी व्यवस्थापन गरी निरन्तरता एवं सुधार गर्दै जाने र प्लाष्टिकजन्य बस्तु प्रयोगको प्रतिबन्धलाई कडाईका साथ कार्यान्वयन गर्ने निर्णय गरियो । साथै व्यास ३ को बधस्थलको स्थलगत निरीक्षण गरी आवश्यक परे तत्काल १ जना सरसफाई कर्मचारी व्यवस्थापन गर्न सम्बन्धित वडालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ शिवपाञ्चायन मा.वि. व्यवस्थापन समितिको अध्यक्ष पदमा विद्यालयमा सर्वसम्मत हुन नसकी ३ जनाको नाम सिफारिस भई आएकोमा सिफारिस भई आएका सदस्यहरुका अभिभावक भएको प्रमाण पेश गर्न विद्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै तत्काल आवश्यक निर्णय लिन परेमा जेष्ठ सदस्यको अध्यक्षतामा निर्णय गर्न समेत निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका कृषि, पशु व्यवसाय गर्ने अगुवा किसानहरुको प्रत्येक वडाबाट छनौट भएका बढीमा ५ जना व्यवसायीहरुसँग विज्ञ समेतको कार्यशाला गोष्ठी मिति २०८१/५/२५ गते बिहान ११:३० मा नगरसभा कक्षमा आयोजना गर्न कृषि, पशु तथा सहकारी शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका वडा नं.२, ३, ४ को बजारको सुरक्षा प्रबन्धमा जडान भएका सि.सि. क्यामेराको मर्मत, सम्हार नयाँ थप व्यवस्थापनमा आवश्यक राय सुझाव दिनका लागि निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो । साथै उक्त समितिले वडा नं. २, ३, ४ का अध्यक्षहरुलाई सल्लाहकारको रुपमा बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

| | | |
|---|---|---|
| (१) संयोजक | श्री सुकनारायण मल्ल | – अध्यक्ष, उद्योग वाणिज्य संघ इकाई |
| (२) सदस्य | श्री सुरेश वाग्ले | – वडा नं.२ सदस्य |
| (३) सदस्य | श्री दधिराज घिमिरे | – वडा नं.३ सदस्य |
| (४) सदस्य | श्री सरोज भण्डारी | – वडा नं.४ सदस्य |
| (५) सदस्य | श्री जिल्ला प्रहरी कार्यालय प्रतिनिधि | |

(६) सदस्य श्री व्यास न.पा. प्राविधिक
(७) सदस्य-सचिव श्री अञ्जु दाहाल – बजार इकाई सचिव

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा दमौलीस्थित बैङ्कहरुलाई सामाजिक उत्तरदायित्व र कृषि बिमा सम्बन्धी नीति र बजेट कार्यक्रमको सम्बन्धमा लिखित जानकारी माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा मिति २०८१/५/७ गते दिउँसो नगर सभा कक्षमा भएका शाखागत र वडागत सुझाव प्रस्तुत भएका आ.व.२०८०/०८१ को कार्य सम्पादन प्रगति समीक्षामा औंल्याएका कमी-कमजोरीहरुलाई आ.व.२०८१/०८२ का कार्यक्रमहरु सम्पादन गर्दा नगरबासीको हितमा समर्पित भई सुधार गर्ने निर्णय गरियो । साथै आगामी पौषमा हुने नगर सभा अगाडि आ.व.२०८१/०८२ को कार्य प्रगतिको समीक्षा समेत गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगर शिक्षा समितिको सदस्यमा अपाङ्गता क्षेत्र मध्येबाट व्यास नगरपालिका वडा नं.३ निवासी श्री मदन पौडेललाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर अपाङ्गता सहायता कक्षको माग भई आएकाले भुई तलामा आवश्यक व्यवस्थापन मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा २०८१ भाद्र १५ गतेदेखि नदीमा ढुङ्गा, गिट्टी बिक्री वितरण खुलाउन पर्नेमा वातावरणीय अध्ययन प्रतिवदन आउन बाँकी भएकाले यस वर्ष टेण्डर गर्न हालसम्म नसकिएकाले मादी नदी, सेती नदी, बुल्दी, कलेस्ती, रिस्ती खोलाका ढुङ्गा, गिट्टी, बालुवाको चोरी निकासी रोक्नका लागि आवश्यक सुरक्षा प्रबन्ध गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य कार्यमा तत्काल गर्नुपर्ने भएकोले निम्नानुसार राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि. नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | टोड्के बाँध कुलो निर्माण मर्मत | १ | १,००,०००। | ८४७ |
| २. | हेमराज कंडेल, उपचार खर्च वापत | १ | ३०,०००। | ६१ |
| ३. | मिलन टोल योग व्यवस्थापन सामाग्री खरिद | १ | ७५,०००। | ६९ |
| ४. | चन्द्रबहादुर घर्ती, पाइप खरिद सहयोग | १ | १५,०००। | ८४५ |
| ५. | तालघरे टोल विकास अन्तर्गत सडक बत्ती व्यवस्थापन | १ | १,५०,०००। | ८४९ |
| ६. | करङ्गकाठ सामुदायिक प्रहरी सेवा केन्द्र कार्यक्रम व्यवस्थापन सहयोग | १ | ३०,०००। | ६९ |
| ७. | लोक तथा दोहोरी गीत प्रतिष्ठान, तिज गीत प्रतियोगिता सहयोग | २ | ५०,०००। | १११ |
| ८. | राधा आचार्य, उपचार सहयोग | ३ | ४०,०००। | ६१ |
| ९. | श्रीकृष्ण जन्माष्टमी महोत्सव व्यवस्थापन (इस्कोन) | ३ | ५०,०००। | ६९ |
| १०. | नापी कार्यालय, तनहुँ भवन मर्मत | ३ | ५,००,०००। | ८९३ |
| ११. | मिन बहादुर आले, घर मर्मत | ५ | ३०,०००। | विपद |
| १२. | लालिगुँरास आमा समूह, आगलागी भएको भवन मर्मत | ५ | ३,००,०००। | विपद |
| १३. | शैलेस सुनाम, घर संरक्षण | ५ | ३०,०००। | विपद |
| १४. | मौसिले खोल्सी खा.पा. पाइप खरिद | ५ | ४,०००। | ८४५ |
| १५. | गोरक्ष निखिल व्यास पराशर सिद्धाश्रम, भवन निर्माण सहयोग | ५ | २,००,०००। | ८४४ |
| १६. | सुस्मिता वि.क., न्यून दृष्टिबिहिन ल्यापटप सहयोग | ६ | ५०,०००। | ११२ |
| १७. | अमर सुनार, अध्ययन सहयोग | ६ | २०,०००। | ८३ |

| | | | | |
|---|---|---|---|---|
| १८. | बम बहादुर गुरुङ्ग, घर संरक्षण | ७ | ३०,०००। | विपद |
| १९. | शेरा स्लाघा चर्च भवन निर्माण सहयोग | ७ | १,००,०००। | ८४४ |
| २०. | क्यामिनकोट कालिका मन्दिर मर्मत | ८ | २०,०००। | विपद |
| २१. | राजापानी मोटर मार्ग पैह्रो नियन्त्रण | ९ | ३,००,०००। | विपद |
| २२. | चक्रबहादुर सुनार, गोठ मर्मत | ९ | १२,०००। | विपद |
| २३. | सरला घर्ती, घर संरक्षण | ९ | २५,०००। | विपद |
| २४. | नगेन्द्र मोटर मार्ग बाढीबाट क्षती मर्मत | ९ | १,००,०००। | विपद |
| २५. | कुमलटारी झम्केनी लिफ्टिङ्ग खानेपानी मोटर खरिद | १० | ९५,०००। | ८४५ |
| २६. | छविलाल कुमाल, छाना मर्मत | १० | १५,०००। | विपद |
| २७. | दरै आमा समूह, कार्यालय व्यवस्थापन | १० | ५०,०००। | ८४४ |
| २८. | सिता कुमारी विश्वकर्मा, उपचार सहयोग | १० | ३०,०००। | ६१ |
| २९. | अम्बर बहादुर कुँवर, खानेपानी पाइप | १० | १५,०००। | ८४५ |
| ३०. | नमुना कुमाल, समाज भवन मर्मत | १० | १,५०,०००। | ८४४ |
| ३१. | आशिष घर्ती, घर संरक्षण | ११ | २०,०००। | विपद |
| ३२. | झापाली विश्वकर्मा कामीको घरको छाना उडाएको मर्मत | ११ | २०,०००। | विपद |
| ३३. | गंगा अधिकारी, घरको छाना उडाएको मर्मत | ११ | १५,०००। | विपद |
| ३४. | रामजी भण्डारी, घर संरक्षण छाना मर्मत | ११ | २०,०००। | विपद |
| ३५. | मनवल्लभ खनाल समेत सातबिसे कुलो मर्मत | ११ | १००,०००। | ८४७ |
| ३६. | दरै पँधेरा लिफ्ट खानेपानी मोटर खरिद | ११ | २,००,०००। | ८४५ |
| ३७. | दुर्गादेवी कंडेल, उपचार सहयोग | ११ | ३५,०००। | ६१ |
| ३८. | डुम्रीबोट कुलो निर्माण मर्मत बसन्ती थापा | १२ | २०,०००। | ८४७ |
| ३९. | मिठाई परियार, घर संरक्षण मर्मत समेत | १२ | २५,०००। | विपद |
| ४०. | महिला सञ्जाल (गिता नहर्की) पिठो पिन्ने मेशिन खरिद | १२ | ३५,०००। | १११ |
| ४१. | बालकल्याण आधारभुत विद्यालय तला थप | १३ | ६,००,०००। | ८४६ |
| ४२. | छापडाँडा कृषक महिला भवन सरक्षण | १३ | ५०,०००। | विपद |
| ४३. | आँप टोल खानेपानी पम्प समेत खरिद | १४ | ५५,०००। | ८४७ |
| ४४. | बेनीकोट भञ्ज्याङ्ग सुन्तला मार्ग पैह्रो नियन्त्रण | १३ | ४०,०००। | विपद |
| ४५. | मिलनशान्ती युवा क्लव, भलिवल खेल व्यवस्थापन | १३ | ३०,०००। | ११४ |
| ४६. | देवघाट युवा जागरण फुटवल प्रतियोगिता | देवघाट | २५,०००। | ११४ |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८१/०८२ मा नगर सभाद्वारा व्यास नगरस्तरीय खेलकुद प्रतियोगिता तथा म्याराथन सञ्चालन समेतका लागि विनियोजित बजेट रू.२७ लाख मध्ये समितिको छलफल पश्चात निम्नानुसारको कार्यक्रम सञ्चालन गर्ने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रमको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | म्याराथन प्रतियोगिता | ९,००,०००।- |
| २. | भलिवल प्रतियोगिता | २,००,०००।- |
| ३. | फुटवल प्रतियोगिता | २,५०,०००।- |
| ४. | विद्यालय स्तरीय क्रिकेट प्रतियोगिता | १,००,०००।- |
| ५. | कराँते खेल प्रतियोगिता | २,००,०००।- |
| ६. | खुला व्याडमिन्टन खेल प्रतियोगिता | २,००,०००।- |
| ७. | खुला बास्केटवल खेल प्रतियोगिता | २,००,०००।- |
| ८. | ह्वीलचियर खेल सञ्चालन (अपाङ्गमैत्री) | १,००,०००।- |
| ९. | भैपरी खेलकूद सञ्चालन | ४,००,०००।- |

| | | |
|---|---|---|
| १०. | कार्यालय व्यवस्थापन | १,५०,०००।- |
| | **जम्मा** | **२७,००,०००।-** |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगर कार्यपालिकाको मिति २०८१/४/७ को निर्णयानुसार शिक्षक दरबन्दी मिलान व्यवस्थापन गर्दा व्यास ५ पराशर मा.वि. का प्र.अ. श्री रामदत्त पौडेललाई व्यास १० सेवरस्थित सर्वज्योती मा.वि. मा स्थानान्तरण गरी सर्वज्योतिका प्र.अ. श्री भरत काफ्लेलाई पराशर मा.वि. कामकाज गर्ने व्यवस्था मिलाइएकोमा पराशर मा.वि. व्यवस्थापन समितिबाट श्री रामदत्तलाई यथावत विद्यालयमा राख्न माग भई आएकाले निजलाई हाल सोही विद्यालयमा कायम राखी सर्वज्योतीका प्र.अ.लाई कामकाज गर्नु भएका नि.मा.वि. विज्ञान शिक्षक श्री भरत काफ्लेलाई व्यास ३ देउराली नगरस्थित शिवपाञ्चायन मा.वि. मा कामकाज गर्ने गरी दरबन्दी मिलान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा हाल रिक्त रहेको प्रा.वि. दरबन्दी एक व्यास ५ नेपालटारस्थित जनजुक्त शाही माध्यमिक विद्यालयमा व्यवस्थापन गरी दरबन्दी मिलान गर्ने र अन्य विद्यालयमा रिक्त हुन आएमा सम्बन्धित विद्यालयमा अन्यत्र पालिका सरुवा हुने सहमती वा विज्ञापन गर्ने अनुमती दिने अधिकार शिक्षा शाखालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/४/२२ को निर्णय नं. १० मा तिज गीत प्रतियोगितामा रू.२,००,०००। (दुई लाख) विनियोजन भएकोमा व्यवस्थापन तर्फ रू.५८,०००। विनियोजन भएकोमा प्रस्ताव अनुसार रू.४०,०००। (चालीस हजार) थप गरी सोही शिर्षक १११ संकेत ९८ बाट खर्च गर्ने गरी जम्मा रू.२,४०,०००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका गर्भवती महिला पोषण भत्ता (महिलासँग उपमेयर) कार्यक्रम सञ्चालन गर्नका लागि कार्यपालिका सदस्य श्री चन्द्रमाया परियारलाई सदस्यमा मनोनयन गरिएकोमा श्री चन्द्रमाया परियार हाल सामाजिक विकास समितिमा रहनु भएकाले कार्यपालिका सदस्य श्री निला घिमिरेलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय, पोखराको मिति २०८१/४/३२ को परिपत्रानुसार यस नगरपालिकामा किसान सूचीकरण कार्यक्रम कार्यान्वयनको सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा समता विद्यालयमा नियुक्त कार्यालय सहयोगी श्री मनु वि.क.लाई कार्यरत रहेका मितिदेखि मासिक रू.१८,०००। (अठार हजार) पारीश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका भाडाा लगाइएका पसल एवं बैङ्कहरुलाई विगत ६ वर्षदेखि भाडामा लगाइएको, आर्थिक मन्दिका कारणले हरेक दुई-दुई वर्षमा हुने भाडा बृद्धिदर समेत स्थगित भएको अवस्थामा आ.व.२०८१/०८२ देखि भाडादर १०% बृद्धि गरिएकोमा विद्यमान आर्थिक मन्दिलाई मध्यनजर गरी कतिपय पसलहरुबाट भाडामा बस्ने मानिसहरुले छाडी गएका र पटक-पटक भाडामा लगाउन सूचना प्रकाशित हुँदा समेत पसलकवलहरु भाडामा जान नसकेकाले विद्यमान अवस्थाको अध्ययन गरी सबै पसलहरु भाडामा जान सक्ने र हाल बसिरहेका मानिसहरुको निरन्तरता रहने गरी सबै पसल सटर एवं बैङ्कहरुले लिएका सटर कोठाहरुको अध्ययन गरी १५ दिनभित्र प्रतिवेदन दिन निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | श्री इन्दिरा दरै | – उपप्रमुख |
| (२) सदस्य | श्री खेमराज पाखेल | – आर्थिक विकास समिति संयोजक |
| (३) सदस्य | श्री विष्णुकुमार श्रेष्ठ (हिमाल) | – लेखा समिति संयोजक |
| (४) सदस्य | श्री कुमार कञ्चन जि.सी. | – आन्तरिक लेखापरीक्षण शाखा प्रमुख |
| (५) सदस्य-सचिव | श्री पुष्पराज आचार्य | – राजश्व व्यवस्थापन शाखा प्रमुख |

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा नगरपालिकामा भाडामा बस्ने बैंङ्क तथा पसलधनीहरुलाई घर भाडा बुझाउनका लागि गरिएका यस अघिका सम्झौताहरुमा निम्नानुसार गर्ने गराउने गरी राजश्व शाखालाई निर्देशन दिने निर्णय गरियो ।

(क) हरेक चालु महिनाको १० गतेभित्र भाडा बुझाएमा लागेको भाडामा २% (दुई प्रतिशत) छुट गरी लिने ।
(ख) चालु महिनाको ११ गतेदेखि मसान्तसम्म बुझाउनेसँग जरिवाना नलिई बोल कवोलको भाडा लिने ।
(ग) अघिल्लो महिनाको भाडा नबुझाउनेलाई प्रति महिना २% (दुई प्रतिशत) का दरले जरिवाना लिने ।
(घ) ३ महिनाको अग्रिम भाडा बरावर धरौटी रहने हुँदा ३ महिनासम्म पनि भाडा नबुझाउनेको हकमा धरौटी रकम भन्दा भाडा रकम बढी हुन गएकमा १५ दिनको भाडा बुझाउने सूचना दिई भाडा नबुझाएमा पसल कवल बन्द गर्ने व्यवस्था मिलाई जरिवाना सहित भाडा असुल गरेमा मात्र दोकान खोली दिने गरी व्यवस्था मिलाउने ।
(ङ) निर्णय नं. २२ को अध्ययन समितिको प्रतिवेदन नआउँदासम्म १०% प्रतिशत बृद्धि भाडा रकम स्थगित गर्ने ।

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ शेषमटारमा सञ्चालित समता विद्यालयमा वार्डेन पदमा २०८० चैत्रमा नियुक्त श्री पूर्णिमा दवाडीको पाारश्रमिक निर्धारण हुन बाँकी देखिएकाले निजलाई २०८१ श्रावणदेखि लागू हुने गरी खाना, आवास सहित मासिक रू.२५,०००। (पच्चीस हजार) मासिक तलब सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा वन तथा वातावरण समिति निम्नानुसार पुनर्गठन हुने गरी सदस्यता थप गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) संयोजक | श्री रनसिं नेपाली | – कार्यपालिका सदस्य |
| (२) सदस्य | श्री सुन्दर वाग्ले | – नगर सदस्य, वडा नं. ५ |
| (३) सदस्य | श्री श्रीमाया वि.क. | – नगर सदस्य, वडा नं. ३ |
| (४) सदस्य | श्री मणिजंङ्ग बस्नेत | – नगर सदस्य, वडा नं. १ |
| (५) सदस्य | श्री इश्वर पौडेल | – नगर सदस्य, वडा नं. १० |
| (६) सदस्य | श्री सुर्यकान्त काफ्ले | – नगर सदस्य, वडा नं. ६ |
| (७) सदस्य-सचिव | श्री कृष्णराज घिमिरे | – श्री कृष्णराज घिमिरे, सरसफाई शाखा प्रमुख |

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका फोहोर मैला व्यवस्थापन सम्बन्धी ऐन, २०७९ को दफा ३ (१) अनुसार सरसफाई समितिलाई निम्नानुसार पुनर्गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) अध्यक्ष | श्री वैकुण्ठ न्यौपाने | – नगर प्रमुख |
| (२) सदस्य | श्री इन्दिरा दरै | – उपप्रमुख |
| (३) सदस्य | श्री काशी राम गैरे | – प्रमुख प्रशासकीय अधिकृत |
| (४) सदस्य | श्री बसन्त आले | – जग्गा व्यवस्थापन समिति संयोजक |
| (५) सदस्य | श्री रनसिं नेपाली | – वन तथा वातावरण समिति संयोजक |
| (६) सदस्य | श्री मनबहादुर गुरुङ्ग | – वडा अध्यक्ष, वडा नं. ४ |
| (७) सदस्य | श्री कृष्णमाया दुरा गुरुङ्ग | – कार्यपालिका सदस्य |
| (८) सदस्य | डा. राजु पौडेल | – शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख |
| (९) सदस्य | श्री सुकनारायण मल्ल | – उद्योग वाणिज्य संघ प्रतिनिधि |
| (१०) सदस्य | श्री तुलसीराम सापकोटा | – नि.वर्तमान वडा अध्यक्ष, प्रभावित क्षेत्र प्रतिनिधि |
| (११) सदस्य-सचिव | श्री कृष्णराज घिमिरे | – वन तथा वातावरण शाखा प्रमुख |

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धमा छानविन तथा मूल्याङ्कन समितिबाट सिफारिस भई आएको दमौली न्यूज अनलाइन पत्रिकालाई कार्यविधिमा तोकिए बमोजिम विज्ञापन सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ चापाघाट संगम टोल स्थित संगम प्राथमिक विद्यालयको तल लेखिए बमोजिमको जग्गा र भवन नेपाली सैनिक कालिभञ्जन गण ई. व्यारेकको कम्पाउण्ड नजिक पर्ने भई उक्त जग्गा र भवन कालिभञ्जन गण ई.लाई आवश्यक भएको, सैनिक गतिविधि हुने स्थानमा बालबालिका पढ्ने विद्यालय राख्दा विद्यालय र कालिभञ्जन गण ई. लाई राम्रो नदेखिंदा उक्त घर जग्गा कालिभञ्जन गण ई. लाई हस्तान्तरण गरी संगम प्राथमिक विद्यालयलाई अन्यत्र स्थानान्तरण गरी जग्गा र भवन व्यवस्थापन गर्न नेपाल सरकार शिक्षा मन्त्रालयलाई अनुरोध गरी विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार सहमति दिने निर्णय गरियो ।

भवन र जग्गाको विवरण :

(१) गुणादी महेन्द्रपुर २ (क) कि.नं.६४२ को क्षेत्रफल ०-६-०-० कित्ता – १
(२) ऐ.ऐ. कि.नं.९०२ को क्षेत्रफल ०-४-०-० कित्ता – १
(३) विद्यालयले भोगचलन गरेको ऐ.ऐ. कि.नं.२३५ को ०-३-१-३ कित्ता – १
(४) दुई तले आर सि.सि. पक्की भवन शौचालय सहित १० कोठाको २ वटा ।

***